# आकाशवाणी समाचार
**14th of May 2026 (Thursday)**

**मुख्य समाचार**

- **राष्ट्रपति द्रौपदी मुर्मु सिक्किम विश्वविद्यालयको सातौँ दीक्षान्त समारोहमा सहभागी हुने ।।**
- **प्रधानमन्त्री मोदीले भोलि यूएई राष्ट्रपतिसँग भेट गर्नुहुने।।**
- **एनडी आर एफले २० वर्षमा जनविश्वास जितेको अमित शाहको भनाइ ।।**
- **केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धिया आजदेखि तीनदिने सिक्किम भ्रमणमा ।।**
- **सिक्किममा ५० प्रतिशत सरकारी कर्मचारीलाई 'वर्क फ्रम होम' लागू गरिने ।।**

## राष्ट्रपति Droupadi Murmu
राष्ट्रपति Droupadi Murmu आगामी may 27 मा सिक्किम विश्वविद्यालय को सातौँ दीक्षान्त समारोहमा सहभागी हुनुहुने भएको छ। विश्वविद्यालयका अनुसार समारोहमा सन् 2023, 2024 र 2025 ब्याचका विद्यार्थीहरूलाई डिग्री प्रदान गरिनेछ। कार्यक्रममा विभिन्न शैक्षिक तथा प्रशासनिक अधिकारीहरूको पनि सहभागिता रहने बताइएको छ।

## प्रधानमन्त्री Narendra Modi
प्रधानमन्त्री Narendra Modi ले भोलि अबुधाबीमा यूएईका राष्ट्रपति Mohamed bin Zayed Al Nahyan सँग भेटवार्ता गर्नुहुनेछ। भेटमा रणनीतिक, आर्थिक तथा प्रविधि साझेदारीलाई थप सुदृढ बनाउने विषयमा छलफल हुने अपेक्षा गरिएको छ। भारत र यूएईबीच ऊर्जा, रक्षा, व्यापार तथा प्रविधि क्षेत्रमा सहकार्य विस्तार हुँदै गएको छ। दुवै देशले सन् 2032 सम्म द्विपक्षीय व्यापार 200 अर्ब डलर पुर्‍याउने लक्ष्य लिएका छन्। यूएई भारतको दोस्रो ठूलो निर्यात गन्तव्य रहेको छ। साथै, त्यहाँ 40लाखभन्दा बढी भारतीय बसोबास तथा कार्यरत छन्।

## गृहमन्त्री Amit Shah
केन्द्रीय गृहमन्त्री Amit Shah ले राष्ट्रिय विपद् प्रतिक्रिया बलले 20 वर्षको छोटो अवधिमै देशका 140 करोड जनताको विश्वास जित्न सफल भएको बताउनुभएको छ। गाजियाबादमा आयोजित राष्ट्रपति कलर सम्मान समारोहमा उहाँले विपद्का बेला एनडीआरएफ घटनास्थल पुग्दा नागरिकले राहतको महसुस गर्ने बताउनुभयो। उहाँले एनडीआरएफले हजारौँ सुरक्षाकर्मी, नागरिक सुरक्षा कर्मचारी र स्वयंसेवकलाई तालिम दिएको जानकारी दिँदै विपद् व्यवस्थापन क्षेत्रमा भारत विश्वस्तरमा अग्रणी बनेको उल्लेख गर्नुभयो। **उहाँले थप भन्नुभयो**

## मन्त्री Jyotiraditya Scindia
पूर्वोत्तर क्षेत्र विकास तथा सञ्चार मन्त्री Jyotiraditya Scindia आज राति तीनदिने भ्रमणका लागि Sikkim आइपुग्नुहुनेछ। भोलि उहाँले टेमी तार्कुस्थित सिक्किम राज्य विश्वविद्यालयको भ्रमण गर्नुका साथै नाम्ची पर्यटन सर्किट, पीएम–डेभाइनअन्तर्गत भालेढुंगाको स्काइवाक परियोजना तथा गान्तोकस्थित अर्किडेरियम परियोजनाको समीक्षा गर्नुहुनेछ। शनिबार उहाँले नाथुला भ्रमण गरी कैलाश मानसरोवर यात्रासम्बन्धी पर्यटक पूर्वाधार परियोजनाको निरीक्षण गर्नुहुनेछ। साथै, उपराष्ट्रपति C. P. Radhakrishnan सँगै सिक्किम राज्य स्थापना दिवस कार्यक्रममा सहभागी भई विभिन्न परियोजनाको उद्घाटन तथा शिलान्यास गर्नुहुनेछ।

## रक्षा राज्यमन्त्री Sanjay Seth
रक्षा राज्यमन्त्री Sanjay Seth ले 'अपरेशन सिन्दूर' भारतको महत्वपूर्ण सफलता भएको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित 'कलाम एन्ड कवच' कार्यक्रममा उहाँले स्वदेशी हतियार र प्रणाली प्रयोग गर्दै भारतले छिटो र समन्वयात्मक क्षमता प्रदर्शन गरेको उल्लेख गर्नुभयो। उहाँले आधुनिक भारतले विज्ञान र सैन्य शक्तिलाई सँगसँगै अघि बढाइरहेको तथा साइबर र अन्तरिक्षजस्ता नयाँ चुनौती सामना गर्न प्रविधि र आत्मनिर्भरतामा जोड दिइरहेको बताउनुभयो। कार्यक्रममा रक्षा क्षेत्रको विकास, प्रविधि नवप्रवर्तन तथा आत्मनिर्भर भारतसम्बन्धी विषयमा छलफल भइरहेको छ।

## सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ
सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले राज्यमा खर्च घटाउने  उपाय लागू गर्न विभिन्न विभागलाई निर्देशन दिनुभएको छ। गान्तोकमा आज वरिष्ठ अधिकारीहरूसँगको बैठकमा उहाँले ५० प्रतिशत सरकारी कर्मचारीलाई 'वर्क फ्रम होम' लागू गर्न निर्देशन दिनुभयो। मुख्यमन्त्री तामाङले सरकारी कर्मचारीहरूको विदेश भ्रमण एक वर्षका लागि स्थगित गर्न तथा शनिबार र आइतबारलाई बिदाको रूपमा कायम राख्न पनि निर्देशन दिनुभयो। उहाँले राज्यका सबै जिल्लामा अड–इभन सवारी नियम लागू गर्न र सरकारी सवारी प्रयोग गरी अन्तरजिल्ला तथा राज्यबाहिर यात्रा गर्न रोक लगाउन पनि निर्देशन दिनुभएको छ।

## Dr. S. Jaishankar
प्रधानमन्त्री Narendra Modi ले आज नयाँ दिल्लीमा ब्रिक्स बैठकमा सहभागी विभिन्न देशका विदेशमन्त्रीहरूसँग भेट गर्नुभएको छ। भेट गर्नेमा रूसका विदेशमन्त्री, इरानका विदेशमन्त्री,दक्षिण अफ्रिका र ब्राजिलका विदेशमन्त्रीहरू पनि रहेका छन्। यसअघि विदेशमन्त्री Dr. S. Jaishankar ले विश्व शान्ति, संवाद र सहकार्य आवश्यक रहेको बताउनुभयो। **उहाँले थप भन्नुभयो**

## भारत निर्वाचन आयोग

भारत निर्वाचन आयोगले विशेष सघन मतदाता नामावली पुनरावलोकनको तेस्रो चरण घोषणा गरेको छ। यो प्रक्रिया चरणबद्ध रूपमा 16 राज्य र ३ केन्द्रशासित प्रदेशमा सञ्चालन गरिने जनाइएको छ। यस चरणमा आन्ध्र प्रदेश, कर्नाटक, महाराष्ट्र, पञ्जाब, Sikkim लगायत विभिन्न राज्य समावेश छन्। साथै, दिल्ली, चण्डीगढ तथा दादरा र नगर हवेली तथा दमन र दिउ पनि यस अभियानमा समेटिएका छन्। निर्वाचन आयोगका अनुसार देशभर मतदाता नामावलीलाई सही, व्यवस्थित तथा नयाँ विवरणअनुसार सुधार गर्न यो अभियान सञ्चालन गर्न लागिएको हो।

## विदेश मन्त्रालयका प्रवक्ता Randhir Jaiswal

भारतले ओमानको तट नजिक भारतीय झण्डावाहक जहाजमाथि भएको आक्रमणलाई अस्वीकार्य जनाएको छ। विदेश मन्त्रालयका प्रवक्ता Randhir Jaiswal ले व्यापारिक जहाज र नागरिक नाविकलाई निशाना बनाइएकोप्रति दुःख व्यक्त गर्दै जहाजमा रहेका सबै भारतीय चालक दलका सदस्य सुरक्षित रहेको जानकारी दिनुभयो। भारतले व्यापारिक जहाजमाथि आक्रमण नगर्न तथा समुद्री व्यापार र आवागमनमा अवरोध नगर्न पनि आग्रह गरेको छ।

## पेट्रोलियम मन्त्रालय

सरकारले देशभर कच्चा तेल, एलपीजी र प्राकृतिक ग्यासको पर्याप्त आपूर्ति भइरहेको जनाएको छ। पेट्रोलियम मन्त्रालयकी संयुक्त सचिव Sujata Sharma ले एलपीजी वितरण सामान्य रहेको र कुनै समस्या नरहेको बताउनुभयो। यसैबीच, ओमानको समुद्री क्षेत्रमा दुर्घटनामा परेको भारतीय जहाजका 14 जना भारतीय चालक दलका सदस्यलाई सुरक्षित उद्धार गरिएको सरकारले जनाएको छ।

## Sergey Lavrov

रूसका विदेशमन्त्री सर्गेई लाभरोभले आज नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुभएको छ। भेटका क्रममा विदेशमन्त्री लाभरोभले रूसका राष्ट्रपति भ्लादिमिर पुटिन र प्रधानमन्त्री मोदीबीच गत वर्ष भएको भारत–रूस वार्षिक शिखर सम्मेलनपछि द्विपक्षीय सहकार्यमा भएको प्रगतिबारे जानकारी दिनुभएको थियो। भेटमा युक्रेन र पश्चिम एशियाको अवस्थालगायत विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयमा पनि छलफल भएको थियो। प्रधानमन्त्री मोदीले समस्या समाधानका लागि संवाद र कूटनीतिमा जोड दिँदै राष्ट्रपति पुटिनलाई आफ्नो शुभकामना सन्देश पठाउनुभएको छ।

## राष्ट्रिय पञ्चायत पुरस्कार

Sikkim ले राष्ट्रिय पञ्चायत पुरस्कार २०२५ अन्तर्गत गरिबीमुक्त तथा जीविकोपार्जन प्रवर्द्धन विषयमा राष्ट्रिय सम्मान प्राप्त गरेको छ। Ministry of Panchayati Raj ले घोषणा गरेको पुरस्कारअन्तर्गत ग्यालसिङ जिल्लाको Gyalshing Omchung Gram Panchayat ले 'पभर्टी फ्री एन्ड इनहेन्स्ड लाइभलिहुड्स पञ्चायत' श्रेणीमा तेस्रो स्थान हासिल गर्दै ५० लाख रुपैयाँ पुरस्कार प्राप्त गर्ने भएको छ। पञ्चायतले मौरीपालन, बाँसका सामग्री निर्माण, जैविक खेती, बगैँचा खेती तथा स्वरोजगार कार्यक्रममार्फत ग्रामीण जीविकोपार्जन सुधारमा योगदान दिएको बताइएको छ। पुरस्कार वितरण समारोह आगामी जुन ३ मा नयाँ दिल्लीमा आयोजना हुनेछ।

## डोनाल्ड ट्रम्प

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच आज बेइजिङमा भेटवार्ता भएको छ। भेटमा दुवै नेताले हर्मुज जलडमरु खुला राख्नुपर्नेमा सहमति जनाएका छन्। राष्ट्रपति सी जिनपिङले चीन र अमेरिका प्रतिस्पर्धी नभई साझेदार बन्नुपर्ने बताउनुभयो भने राष्ट्रपति ट्रम्पले अमेरिका–चीन सम्बन्ध अझ राम्रो हुने विश्वास व्यक्त गर्नुभयो। भेटवार्ताका क्रममा व्यापार, लगानी तथा क्षेत्रीय अवस्थाबारे पनि छलफल भएको बताइएको छ। राष्ट्रपति ट्रम्प तीनदिने राजकीय भ्रमणका लागि चीनमा रहनुभएको छ।

## इन्डियन प्रिमियर लिग

आईपीएल क्रिकेटमा अहिले धर्मशालास्थित Himachal Pradesh Cricket Association Stadium मा Punjab Kings र Mumbai Indians को खेल शुरु भएको छ। हिजो, रायपुरको Shaheed Veer Narayan Singh International Cricket Stadium मा Royal Challengers Bengaluru ले Kolkata Knight Riders लाई 6 विकेटले पराजित गरेको थियो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **राष्ट्रपति द्रौपदी मुर्मु सिक्किम विश्वविद्यालयको सातौँ दीक्षान्त समारोहमा सहभागी हुने ।।**
- **प्रधानमन्त्री मोदीले भोलि यूएई राष्ट्रपतिसँग भेट गर्नुहुने।।**
- **एनडीआरएफले २० वर्षमा जनविश्वास जितेको अमित शाहको भनाइ ।।**
- **केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धिया आजदेखि तीनदिने सिक्किम भ्रमणमा ।।**
- **सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङद्वारा मितव्ययिता उपाय लागू गर्न निर्देशन ।।**